म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक ५६ | मंगलबार ८ असोज २०८१ | ने. सं. ११४४ ञलागा | 24 September 2024 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**संबिधानले ब्यवस्था गरेका नागरिकका कर्तव्यहरू**

- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संबिधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु,

जस्ता नागरिक कर्तव्यको पालना गरौं,
जिम्मेवार नागरिकको परिचय दिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# चाडबाडमा हुने कालोबजारी नियन्त्रण गर्न सांसदको माग

भानुभक्त आचार्य

हेटौंडा, ७ असोज/ चाडपर्व नजिकिएसँगै हाम्रो समाजको प्रमुख समस्या भनेकै कालोबजारी, चोरी, डकैती नै हो । चाडपर्वमा कृत्रिम अभाव सृजना गरी महंगो मूल्यमा बिक्री गर्ने क्रम भने जुनसुकै सरकार आएपनि रोकिने सम्भावना पटक्कै छैन ।

चाडपर्वको समयमा बढ्ने कालोबजारी नियन्त्रण गर्न बागमती प्रदेशसभा बैठकमै सांसदहरुले आवाज उठाएका छन् । सोमवार प्रदेशसभा बैठकमा सांसदहरुले चाडपर्वमा हुने कालोबजारी, यात्रु ठगी र दुर्घटनालगायत समस्या समाधान गर्न बागमती सरकारको ध्यानाकर्षण गराएका हुन् । यो ध्यानाकर्षणले कति काम गर्छ ? भन्ने विषयमा बहस गर्न सकिन्छ तर, बजारमा हुने कालोबजारीको गति प्रशासनिक संयन्त्रको नियन्त्रण भन्दा बाहिर छ ।



प्रदेशसभा बैठकमा नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका प्रमुखसचेतक रत्नप्रसाद ढकालले चाडपर्व नजिकिएसँगै प्रदेशवासीले सहज आवाजजावत गर्ने वातावरण निर्माण गर्न आग्रह गरेका छन् । नेकपा एकीकृत समाजवादीकी सांसद मायादेवी शर्माले चाडपर्वमा हुने कालोबजारी नियन्त्रण गर्न माग गरिन् । चाडबाडको समयमा आम उपभोक्ताले सामान्य अवस्थामा भन्दा बढी दैनिक उपभोग्य बस्तु खरिद गर्ने गरेका छन् । यही समयमा कालोबजारी गर्ने केही सीमित ब्यापारीले मौका छोप्ने गरेको उपभोक्ता बताउँछन् ।

हरेक वर्ष स्थानीय प्रशासनले अनुगमन पनि गरिरहेकै हुन्छ तर, कालोबजारी रोकिएको भने छैन । प्रदेशसभा बैठकमै सांसदहरुले यो विषयमा बहस गर्नुपर्ने अवस्था किन आएको छ? चाडपर्वको समयमा सर्वसाधारणले आवाजजावत बढी गर्नुपर्ने हुँदा सडकको मर्मत गर्न सांसद शर्माले बागमती प्रदेश सरकारलाई आग्रह गरिन् । नेकपा एमालेकी सांसद शकुन्तला श्रेष्ठले चाडपर्वको समयमा सार्वजनिक सवारीसाधनको उचित निगरानी र व्यवस्थापन गर्न माग गरिन् ।

सांसदहरुले चाडपर्वको समयमा चोरीडकैती, हत्याहिंसा जस्ता अपराधका घटना धेरै हुने गरेको भन्दै नियन्त्रण गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन् । सांसद रुकु चौलागाईले चाडपर्वमा सर्वसाधारणलाई समस्या हुने गरेको भन्दै बागमती प्रदेश सरकारलाई गम्भिर हुन आग्रह गरिन् । प्रदेशसभा बैठकमा ३६ जनाले भनाइ राखेका थिए । बैठकमा सांसदहरुले चाडपर्वलक्षित र सहकारी समस्याको विषयमा मुख्यमन्त्री बहादुरसिंह लामासँग जवाफ माग गरेका थिए । बैठकमा सांसद भुवनकेशरी श्रेष्ठले वर्तमान सरकार स्वार्थकेन्द्रित भएको आरोप लगाएकी छन् ।

सांसद मानकुमारी विश्वकर्माले दलित समुदायबाट एकजना पनि मन्त्री नबनाएको भन्दै आक्रोश पोखेकी थिइन् । सांसद प्रभात तामाङले सरकार गठनमा सन्तुलन नभएको आरोप लगाएका छन् । सांसदहरुले बैठकमा उठाएको प्रश्नको जवाफ दिँदै बागमती प्रदेशका मुख्यमन्त्री लामाले चाडपर्वलक्षित अनुगमनको पूर्वतयारी गरिसकेको बताए । उनले चाडपर्वमा हुने विभिन्न खालका समस्यालाई मध्यनजर गर्दै कानूनमन्त्री सुरजचन्द्र लामिछानेको नेतृत्वमा यातायात व्यवसायीलाई सचेत गराउनुका साथै क्षमताभन्दा बढी यात्रु नचढाउन निर्देशनसमेत दिइसकेको बताए ।

'चाडपर्वमा हुने कालोबजारी नियन्त्रण गर्न सरकार गम्भिर छ, यस विषयमा हामी समिति बनाएर अनुगमन गर्छौं,' मुख्यमन्त्री तामाङले भने, 'यातायातको विषयमा सडकमा भएका खाल्डखुल्डीको समस्या समाधानको विषयमा लागि परेका छौं ।' मुख्यमन्त्री तामाङले सहकारी समस्याको विषयमा समिति बनेको र त्यो सबै समितिले नै हेरि रहेको बताएका छन् । बागमती प्रदेश सरकारले कार्यविधि बनाएर अगाडि बढिरहेको भन्दै मुख्यमन्त्री लामाले काम गरेर देखाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

**प्रदेशसभाबाट तीनवटा विधेयक पारित**

बागमती प्रदेश सभाको सोमबार बसेको बैठकबाट विभिन्न तीनवटा विधेयक पारित भएको छ । आइतबारको प्रदेशसभा बैठकमा विषयगत संसदीय समितिबाट आएका तीनवटै विधेयक पेश भएको थियो ।

तीनवटा विधेयकलाई सोमबार अपरान्ह बसेको दोस्रो बैठकले सर्वसम्मतिबाट पारित गरिएको हो । बैठकले प्रदेश स्वास्थ्यसेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश कृषिविकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश हस्तकलाग्राम स्थापना तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई पारित गरेको हो ।

बैठकमा उद्योग वाणिज्य, भूमी तथा सामान्य प्रशासनमन्त्री सुकुमाया तामाङले प्रदेश हस्तकलाग्राम स्थापना तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश स्वास्थ्य मन्त्री किरण थापामगरले प्रदेश स्वास्थ्यसेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक र कृषि तथा पशुपंक्षी विकासमन्त्री प्रकाश श्रेष्ठले प्रदेश कृषिविकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई पारित गरियोस् भनि पेश गरेका थिए ।

तीनवटा विधेयकमाथि बैठकमा छलफल भएको थियो । सांसदहरुले विधेयकमाथि आफ्नो धारणा राखेका थिए । प्रदेशसभाको बैठक अर्को सूचना जारी नभएसम्मका लागि स्थगित भएको बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले जानकारी दिए ।

## युनिलिभरको बोनस खान डिम्याट आवश्यक

साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/ हेटौंडामा कारखाना रहेको युनिलिभर नेपाल लिमिटेडले शेयर अभौतिकीकरण गरी बैंक खाता अद्यावधिक गर्न शेयरधनीलाई आग्रह गरेको छ । उद्योगको शेयर रजिष्ट्रार एलएस क्यापिटलले सूचना जारी गर्दै यस्तो आग्रह गरेको हो ।

यसवर्ष कम्पनीको लाभांश शेयरधनीको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा इन्टर बैंक पेमेन्ट सिस्टम (आईपीएस) मार्फत् भुक्तानी गरिने भएकाले यस्तो आग्रह गरिएको क्यापिटलले जनाएको छ ।

क्यापिटलले शेयर अभौतिकीकरण गरी हितग्राही खाता खोलिसकेका शेयरधनीलाई आफ्नो हितग्राही खातामा बैंक खाता उल्लेख गरी अद्यावधिक गर्न आग्रह गरेको हो ।

कम्पनीले हालसम्म अफ्नो नाममा भौतिकरुपमा शेयरधारण गरेका शेयरधनीलाई हितग्राही खाता खोली शेयर अभौतिकीकरण गराउनसमेत आग्रह गरेको छ ।

शेयरधनीले शेयर अभौतिकीकरण गरी हितग्राही खाता खोलेपश्चात मात्र लाभांश रकम प्राप्त हुने हुँदा हितग्राही खाता नभएका शेयरधनीले कमलपोखरीमा रहेको शेयर रजिष्ट्रार लक्ष्मी सनराईज क्यापिटल वा अन्य कुनैपनि निक्षेप सदस्यमा हितग्राही खाता खोल्न सक्ने क्यापिटलले जनाएको छ ।

## सेमिफाइनल पुगे पोताला र पदमपोखरी

साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/जारी जिल्ला लिग फुटबल प्रतियोगितामा एफसी पोताला र पदमपोखरी युवा क्लव सेमिफाइनल प्रवेश गरेको छ । सोमबार भएको क्वाटरफाइनलबाट पोतालाले न्यू कम्बाइन क्लवलाई र पदमपोखरीले सक्षम युवा क्लव नेवारपानीलाई हराउँदै सेमिफाइनलमा स्थान बनाएको हो ।

पहिलो क्वाटरफाइनलमा पोतालाले कम्बाइनलाई २-१ ले हराएको हो । यद्यपी नियम विपरितको खेलाडी खेलाएको भन्दै कम्बाइनले पोतालाको विरुद्धमा उजुरी दर्ता गराएको छ । यस विषयमा निर्णय हुनै बाँकी रहेको छ । दोस्रो खेलमा पदमपोखरीले सक्षमलाई सडनडेथमा हराउँदै अन्तिम ४ मा स्थान सुरक्षित गरेको हो । निर्धारित समय र टाइब्रेकरमा समेत बराबरी भएपछि सडनडेथमार्फत् विजेताको छिनोफानो गरिएको हो ।

पदमपोखरीको तर्फबाट सोमबहादुर स्याङ्तान, रजक थिङ र विजेश तितुङको प्रहार गोल हुँदा शुकराज घिसिङ, इमामी मोक्तान र मदन थिङले गोल गर्न सकेनन् । सक्षमका निश्चल घलान र सन्देश लामाको प्रहार मात्रै गोल भएको हो । विकल उप्रेती, सविन गिरी, विशाल तामाङ र राज थिङको प्रहार गोल हुन सकेन । जारी प्रतियोगितामा मंगलबार पनि क्वाटरफाइनल चरणको दुई खेल हुनेछ ।

पहिलो खेल गोर्खा ब्वाइज क्लव हेटौंडा र सहीदस्मृति क्लव बागमती गाउँपालिकाको बीचमा हुनेछ भने दोस्रो खेलमा हाँडीखोला यूथ क्लव मनहरी गाउँपालिका र साविक विजेता न्यू डाँफे क्लव खेल्नेछ । यही असोज १२ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले एकलाख र उपविजेताले ५० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।







**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# बागमतीको न्यूनतम साझा कार्यक्रम

प्रदेशसभा सदस्यको सुझाव तथा नीतिगत मार्गदर्शन, सरकारमा सहभागी दलका घोषणापत्रमा उल्लेखित साझा विषयलाई सरकार सञ्चालनको मुख्य आधार बनाउने प्रतिवद्धता सहित बागमती प्रदेश सरकारले न्यूनतम साझा कार्यक्रम जारी गरेको छ । २०६५ देखि बन्द भएको हेटौडा-काठमाडौं रज्जुमार्ग (रोप-वे) लाई संघीय सरकारसँगको सहकार्य र समन्वयमा पुन: सञ्चालनमा ल्याइने वातावरण निर्माण गरिने कार्यक्रम अघि सारेको छ । यो रोपवे बन्द हुनुमा नेपालमा मालबाहक ट्रक बिक्री गर्ने स्वार्थ समूहको हात रहेको थियो । पटकपटक लिलामी गर्न खोजेको रोप-वेका सामान अधिकांश हराइसकेका छन् । रोप-वेको जमीन पनि बिभिन्न बहानामा कब्जा भइसकेको छ । २०४३ सालमा हेटौंडा सिमेन्ट उद्योगले उत्पादन गर्न थालेपछि सिमेन्ट रोप-वेबाटै काठमाडौं पुर्‍याइन्थ्यो ।

प्रतिकेजी तत्कालीन भाडादर ४० पैसा मात्र थियो । जबकि मालबाहक ट्रकले हेटौंडा काठमाडौं ढुवानी गर्दा प्रतिकेजी एक रुपैयाँ भाडा लिने गरेको थियो । यस्तो अवस्थामा रोप-वे सीमित स्वार्थ समूहको फाइदाका लागि बन्द गराइयो । प्रदेश सरकारले संचालनमा ल्याउने सम्भावना कत्तिको छ त्यो हेर्न बाँकी नै छ । बागमती प्रदेशलाई प्रविधिमा आधारित पर्यटन र साहसिक पर्यटनका लागि अन्तर्राष्ट्रिय गन्तव्य बनाउन आवश्यक नीति निर्माण गर्ने, सरकारी र सार्वजनिक नयाँ पूर्वाधारको निर्माण गर्दा स्थानीय पहिचान झल्किने र पर्यटकका लागि आकर्षक बन्न सक्ने परम्परागत संस्कृतिलाई कलात्मक रुपमा सौन्दर्यकरण गर्ने, होमस्टे पर्यटन, ग्रामीण पर्यटन, पर्यापर्यटन जस्ता समुदायमा आधारित पर्यटन व्यवसाय सञ्चालन गरिरहेका उद्यमीका लागि आधारभूत विदेशी भाषा तालिम, सरसफाई र सुरक्षासम्बन्धी जनचेतनामूलक अभिमुखीकरण प्रदान गरी होमस्टे सेवालाई स्तरोन्नतीका लागि आवश्यक सहयोग गर्ने घोषणा गरिएको छ । एभोकाडो, ड्रागनफ्रुटलगायतका बजारमा अत्यधिक माग भएका फलफूल खेती गर्नका लागि कृषकलाई प्रोत्साहित गर्ने, संघ र स्थानीय तहसँग समन्वय गरी जमीनमा बाह्रैमहिना सिंचाई सुविधा पुर्‍याउने पहल गर्ने, प्रत्येक घरमा विजुली, प्रत्येक घरमा पक्की छाना भन्ने नाराकासाथ गरिब तथा विपन्न परिवारका लागि सुरक्षित आवासको व्यवस्था गर्ने, प्रदेश भित्र रहेका विभिन्न क्षेत्रका विशिष्ट प्रतिभाको खोजी गरी उनीहरुलाई संरक्षण गर्दै प्रतिभाको यथोचित कदर गर्ने वातावरण मिलाइने बताइएको छ । सरकारमा सहभागी नेपाली कांग्रेस र नेकपा (एमाले) बीच भएको सहमतिबमोजिम मन्त्रिपरिषद्को भाद्र २६ गतेको बैठकले पारित गरी नीतिगत प्राथमिकता र न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरिएको बताइएको छ । मुख्यमन्त्री बहादुरसिंह लामा र नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले आइतबार सरकारको ६७ वटा बुँदामा न्यूनतम साझा कार्यक्रम जारी गरेका हुन् ।

राष्ट्रिय हीतको रक्षा र प्रदेशबासीको समृद्धिका लागि भ्रष्टाचारको अन्त्यगरी सुशासन कायम गर्न भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाइने, संविधानको सर्वोच्चता, कानूनी राज्य र सुशासनको प्रत्याभूति दिलाउनेगरी सरकार सञ्चालन गर्ने, संघीय सरकारसँगको समन्वयमा प्रदेश प्रहरी तथा प्रदेश अनुसन्धान ब्युरो स्थापना गर्ने न्यूनतम साझा कार्यक्रममा उल्लेख छ । प्रदेश सरकारका सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, प्रदेश सरकारले खटाउने व्यवस्थासहित प्रदेश निजामती सेवा ऐन र स्थानीय निकाय सञ्चालन ऐनको आवश्यक संशोधन र परिमार्जन गरिने, प्रदेश सरकार, संघीय सरकारप्रति परनिर्भर नभई आत्मनिर्भर र स्वायत्तरुपमा कार्य गर्न अत्यावश्यक कानून निर्माण गर्ने, योजना तर्जुमा, प्रदेशको बोझिलो संरचनाको अडिट गरी चुस्त र व्यवस्थित बनाउने, भ्रष्टाचार शून्य प्रदेशको पहिचान बनाउन भ्रष्टाचार नियन्त्रणलाई कडाई गर्ने, बेरुजुलाई नियन्त्रण र न्यूनीकरण गर्ने, पदाधिकारी तथा कर्मचारीको क्षमता विकासमा जोड दिइने उल्लेख गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छ्तिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज ९ गते बुधबार २५ सेप्टेम्बर २०२४ । अष्टमी, आश्विन कृष्णपक्ष । ञलागा ११४४ ने.सं. । सूर्योदय ५:५४, सूर्यास्त ५:५५ । विश्व फार्मेसिस्ट दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक सन्तोष हुनेछ | तुला | : अधुरा काम सम्पन्न हुनेछ |
| वृष | : धन प्राप्ति हुनेछ | वृश्चिक | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| मिथुन | : व्यापारमा नयाँ योजना बन्नेछ | धनु | : रिसाउने बानीले काम बिग्रनेछ |
| कर्कट | : कठिनाई कम हुनेछ | मकर | : नोकरीबाट असन्तोष बढ्नेछ |
| सिंह | : साथीभाइमा मनमुटाव हुनेछ | कुम्भ | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| कन्या | : नयाँ काम समय देखिन्छ | मीन | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# संसद्लाई निर्देशन तामेल गर्ने भातृसंस्थामा परिणत खोजेको परिणाम



✍ सोमबहादुर थापा

लामो समय चालु रहँदै भदौ मसान्तमा अन्त्य भएको संघीय संसद्को अधिवेशनकालमा आशालाग्दो संकेत देखिएको छ - 'लाखौं सहकारी पीडित नागरिकको बचत फिर्ता हुने ।' सहकारी रकम हिनामिना, दुरुपयोग र अपचलनका हकमा संसद्ले विशेष छानबिन समिति बनायो भने प्रतिवेदन पनि अधिवेशनकालमै आएको छ ।

अब, संसदीय समितिको प्रतिवेदन कार्यान्वयन भएको खण्डमा वास्तवमै संसद्प्रति नागरिक आस्था बढ्नेछ । तर, सहकारी घोटालामा संलग्न पात्रहरू सामान्य छैनन् । कोही त राजनीतिक दलकै नेतृत्वमा छन् भने अधिकांश तिनीहरूबाटै संरक्षित छन् । त्यसकारण यस प्रतिवेदनले पनि 'हात्ती आयो हात्ती आयो फुस्सा'को नियति भोग्ने हो कि भन्ने आशंका छ । जब कुनै काण्डमा ठूलाबडा जोडिन्छन् तब अनेक प्रपञ्च गरी प्रतिवेदन सडाइने र दोषी पात्रहरू झन् शक्तिशाली रूपमा देखापर्ने हाम्रो नियति बनेको छ ।

जे भए पनि अधिवेशनको महत्त्वपूर्ण उपलब्धि संसद्मा जनताले बेहोर्नुपरेका समस्यामध्येकै अनियमितता र भ्रष्टाचारको विषयमा गहन छलफल हुनु हो । यो अधिवेशनकालमा अनियमितता, सार्वजनिक साधन, स्रोतको हिनामिना दुरुपयोग तथा भ्रष्टाचारका विषयमा अघिल्ला अधिवेशनभन्दा बढी चर्चा र छलफल भए । यसलाई जनताले राम्रो कामको रूपमा लिएका छन् । अब जनताले सहकारीमा राखेको पैसा फिर्ता हुनुपर्छ । राजनीतिक दलका नेताकार्यकर्ता र टाठाबाठाबाट अर्बौंको रकम हिनामिना र अपचलन भएको देखिएको छ । तिनलाई पनि कानुनीरूपमा तह लगाउनुपर्छ ।

सहकारीको रकम अपचलन छानबिन विशेष समितिले तथ्यसहित लिपिबद्ध गरी प्रतिनिधि सभामा प्रतिवेदन पनि पेस गरिसकेको छ । नेपाल सरकारले पनि यसका सुझाव र सिफारिसहरूलाई कार्यान्वयन गर्ने निर्णय गरिसकेको छ । अब, त्यो तत्काल कार्यान्वन भएको हेर्ने जनअपेक्षा छ । यसका सुझाव र सिफारिस इमानदारीपूर्वक कार्यान्वयन गरियो भने अनियमितता र भ्रष्टाचारका घटना कम हुँदै जाने देखिन्छ । यति महत्वपूर्ण कार्यभार प्राप्त संघीय संसद्को चौधौं अधिवेशन चार महिनाभन्दा बढी चालु रही २०८१ भदौ मसान्तमा अन्त्य भएको छ । सहकारी छानबिनबाहेकका संसदीय कर्म हेर्ने हो भने आशालाग्दो स्थिति छैन ।

संसद्सँग धेरै अपेक्षा थिए । किनभने संघीय संसद्, नेपालको सर्वोच्च नीति तथा विधि निर्माण गर्ने, संघीय सरकारका नीति, योजना, कार्यक्रम र बजेटको खर्च, कार्यान्वयन तथा भौतिक उपलब्धिको अनुगमन र निगरानी गर्ने तथा राष्ट्र र जनताले भोग्नुपरेका समस्याबारे छलफल गरी जनता एवं देशलाई समृद्ध र समुन्नत बनाउने अनि समग्र पूर्वाधार निर्माणका नीति निर्माण गर्ने संवैधानिक सर्वोच्च संस्था हो ।

कार्यकारिणी अर्थात् सरकार प्रतिनिधि सभाको विश्वासबेगर एक मिनेट पनि सत्तामा रहन नसक्ने भएकाले कार्यकारिणीले प्रतिनिधि सभाको विश्वास सधैँ प्राप्त गर्नुपर्ने संवैधानिक व्यवस्थाले संघीय संसद्लाई थप सशक्त बनाएको देखिन्छ । निश्चय नै, अरू सार्वजनिक संस्थाहरूको कामको जसरी निष्पक्ष र स्वतन्त्ररूपले अनुगमन र मूल्यांकन गरिन्छ त्यसरी नै संघीय संसद्को पनि विगत चार महिनाको कामको निष्पक्ष र स्वतन्त्र मूल्यांकन तथा समीक्षा आवश्यक हुन्छ । तर, हामीकहाँ यसको नितान्त अभाव छ ।

जनताले यसरी संघीय संसद्को स्वतन्त्र मूल्यांकन र समीक्षा नगर्ने हो भने संघीय संसद् निस्क्रिय बन्दै जाने देखिन्छ । यसका कमीकमजोरी र त्रुटिहरू समयमै औंल्याएर थप बिग्रिनबाट जोगाउनु जनता जनार्दनको पनि कर्तव्य हो ।

यसरी जनताद्वारा निर्वाचित संस्थाको कामको मूल्यांकन र समीक्षा गर्ने चलन विकसित देशमा नियमितरूपमा हुने गरेको छ । नेपालमा भने नागरिकले यो भूमिका निर्वाह गर्न नसक्दा सरकारका तीनै अंगहरू, कार्यपालिका, न्यायपालिका र व्यवस्थापापिका एवं अन्य सार्वजनिक संस्थाहरू प्रभावकारी सेवा सुविधा प्रदान गर्न र वस्तु वा सेवा उत्पादनमा जिम्मेवार बन्नसकेको देखिँदैन । यस्तो मूल्यांकनले संघीय संसद्लाई परिमार्जित, परिस्कृत, सक्रिय र प्रभावकारी बनाउन पनि ठूलो भूमिका खेल्छ ।

संघीय संसद्को विगत चार महिनाको कामको उपलब्धि के कति भयो त ? संसद्का चार महिनाका कामले देशमा आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक र पूर्वाधारका विकास र समृद्धिका क्षेत्रमा प्रभावकारी काम गर्नसकेको देखिँदैन । संसद् आफ्नै संवैधानिक र कानुनी जिम्मेवारी पूरा गर्नसमेत वञ्चित रहन गयो । संसद्का अधिकांश बैठकहरूमा सदस्यहरूको उपस्थिति न्यून रहने गरेको अवस्थामा कसरी राष्ट्र र जनताले बेहोर्नुपरेका समस्या, नीति र विधि निर्माणमा यसको भूमिका सक्रिय तथा प्रभावकारी रह्यो भन्ने र ?

बजेटसम्बन्धी विधेयक पारित गर्नु संसदको नियमित जिम्मेवारी हो । साथै यस अधिवेशनबाट संक्रमणकाणीन न्यायसम्बन्धी चर्चित कानुन पारित भयो । त्यसबाहेक संसद्का कामकारबाही हेर्दा उपलब्धि मान्न सकिने कुनै निर्णय भएन । संक्रमणकालीन न्यायसम्बन्धी विधेयकबाहेक अरू पाँच विधेयकहरूको हैसियत सामान्यस्तरका रहेकाले र यी विधेयकले जनता र राष्ट्रको आर्थिक समृद्धि र पूर्वाधार विकासमा कुनै ठोस भूमिका खेल्ने नदेखिँदा विधि निर्माण प्रक्रिया उपलब्धिपूर्ण मान्न सकिँदैन । निश्चय नै संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित भएपछि त्यससम्बन्धी अन्योल र समस्या हट्ने जनअपेक्षा छ । यसलाई राम्रो कुरा नै मान्नुपर्ने हुन्छ ।

नेपालमा संसद्लाई राजनीतिक दलहरूले विधि निर्माताभन्दा पनि आफ्नो निर्देशन तामेल गर्ने भातृसंस्थामा परिणत गर्न खोजेको देखिन्छ । विनाकारण लामो समयसम्म संसद्लाई काम गर्न नदिई बन्द गराउनु यसको एउटा उदाहरण हो । दलहरूको यो काम नेपालको वर्तमान संविधन र कानुनविपरीत छ । यस्तो काम गर्ने अधिकार कुनै पनि दललाई छैन । तर पनि संघीय संसद्लाई विनाकारण बन्द गराउने काम भइरहेको देखिन्छ ।

अर्को बिर्सन नहुने कुरा के हो भने संसद् राजनीतिक दलको हतियारका रूपमा उपयोग हुन थाल्यो भने यसले कुनै प्रभावकारी भूमिका खेल्न सक्दैन । यो जनता र राज्यको लागि थप भारमात्रै हुन पुग्छ । संसद्लाई पञ्चायती शासनकालमा झैं निर्देशित राष्ट्रिय पञ्चायतको भूमिकामा लान खोज्नु भनेको प्रतिगमनलाई स्वीकार्नु हो ।

संसद्का पदाधिकारी तथा सदस्यहरू र राजनीतिक दलका नेताहरूले खुलारूपमा बहस र छलफल गर्न अत्यावश्यक देखिएको छ । देशलाई सशक्त, समृद्ध र विकासमैत्री बनाउने हो भने संसद्लाई दलहरूले स्वतन्त्र संवैधानिक संस्थाको रूपमा विकास गर्न आवश्यक सहयोग गर्नुपर्छ । वास्तवमा कुनै पनि लोकतान्त्रिक मुलुकमा संघीय संसद् दलको भातृ संस्थाको रूपमा रहने व्यवस्था संविधानमा राखेको पाइँदैन । नेपालको संविधानले पनि संसद्लाई दलको निर्देशन र नियन्त्रणबाट चल्ने संस्था बनाउन खोजेको देखिँदैन । यी विविध कारणहरूले गर्दा नेपालको संघीय संसद् सशक्त र प्रभावकारी बन्न सकेको छैन । संघीय संसद्ले अधिवेशनमा त्यस्तो कमजोरी हटाउनेछ ।

वार्षिक बजेट तथा नीति र कार्यक्रम पारित गर्ने एवं संक्रमणकालीन न्याय दिने विषय खासगरी तीन ठूला दलहरू, कांग्रेस, एमाले र माओवादीको नियमित जिम्मेवारीका विषय पनि हुन् । समाज रूपान्तरण गर्ने, जनता र राष्ट्रले बेहोर्नुपरेका समस्या समाधान गर्ने सवालमा केही ठोस काम गर्न सकेनन् भने राजनीतिक दलको अर्थ र महत्व पनि रहँदैन । यस्ता विषयमा कानुन बनाउन सहमति गर्नु उनीहरूको राजनीतिक धर्म र चरित्र पनि हो । यी विधेयक पारित हुनुमा संसद्को उल्लेखनीय सक्रियता र भूमिका पनि रहेको पाइँदैन । सत्ता र शक्तिको दरुपयोग गर्ने चलन अन्तर्राष्टिय चरित्र पनि हो । सत्तामा रहनेहरू नजानिँदो गरी सत्ता र शक्तिको दुरुपयोग र भ्रष्टाचार गर्ने मुलुकमा जापान, चीन, भारत, बंगलादेश, श्रीलंका देखिएका छन् । नेपालमा पनि यही कोटीमा गणना हुन्छ ।

यस कुरातर्फ हाम्रो संसद् र राजनीतिक पार्टीहरूले विस्तृतरूपमा बहस र छलफल गरी राष्ट्रलाई अनियमितता र भ्रष्टाचारबाट मुक्त गराउन प्रभावकारी भूमिका खेलेको खण्डमा संसदितर नागरिकका आँखा तान्न सकिन्छ । राजनीतिक दलका नेता तथा कार्यकर्ता र प्रशासकहरूलाई भ्रष्टाचारीको आरोपबाट मुक्त गराई आर्थिक सुशासन कायम गर्न गराउन र सार्वजनिक साधनस्रोतको अधिकतम उपयोग गर्न यस्ता अभियान अगाडि बढाउन अत्यावश्यक हुन्छ । यस्तो जनमुखी र राष्ट्रमुखी काम अगाडि बढाई आफ्नो भूमिका थप सशक्त र प्रभावकारी बनाउन संसद्को सक्रियताको अपेक्षा निरन्तर छ ।

*(साभार: बाह्रखरी)*

# शासकलाई सधैंको डर

✍ केशव अधिकारी

देश भौगोलिकरुपमा सानो वा ठूलो जत्रोसुकै किन नहोस्, त्यो देशमा शासन गर्न चाहने शासक त्यो देशकै कार्यकारी प्रमुख अभिभावक हुन्छ । इतिहासका विभिन्न कालखण्डको अध्ययन गर्दा कोही दौडमा जितेर पनि त्यो देशको शासक बनेका घटना छन् । कोहीचाहिँ उत्कृष्ट धार्मिक काम गरेर त्यसको फलले पनि शासक बन्न पुगेका छन् । आखिर जसरी शासक बने पनि आफ्नो देशका जनतालाई उनीहरुका चाहनाअनुसारका शुभकर्म गरेर इतिहासमा अमर बन्न पुगेका छन् । उनीहरु पार्थिवरुपमा मरेर बिलाउँदै गर्दा पनि उनीहरुको नाम र यश भने फैलिरहेको पाइन्छ । यसरी आफ्नो देश र जनतालाई सुशासन दिन सकेर इतिहासमा नाम राख्ने शासक थोरै मात्र छन् ।

कुनै देशको शासन चलाएर शासक बन्नको लागि उक्त व्यक्तिको आत्मामा तीनवटा आत्मिक गुण, सोचाइ वा दृष्टिकोण रहन जरुरी हुन्छ । ती तीन गुणमा पहिलो गुण हो, हर्दम देश र जनताको भलाइको कामको सोचाइको गुण, दोस्रोमा नि:स्वार्थ भावनाको विकास र तेस्रोमा सुकर्मका लागि बलियो इच्छाशक्तिको भावना । यति तीनवटा गुणले भरिएको शासक जुन देशको शासन चलाउँदै छ, उसले मरुभूमिमा सुन्दर फूल फुलाउन कुनै कठिन हुँदैन । जसको ज्वलन्त उदाहरण वर्तमान अवस्थाका खाडी मुलुक्हरु हुन् । आजभन्दा दुई दशकअगाडिको अवस्था र हालको अवस्थामा आकाश-पातालको फरक रहेको छ । शासकले शासन गर्नु एउटा कला पनि हो । एउटा कलाकारले चित्र तयार गर्नको लागि त्यो चित्रको रुपरेखा आफ्नो मानसपटलमा बनाउँछ ।

यदि कोही पनि कलाकारले मानसपटलमा सुन्दर चित्र नबनाई कागजमा मात्र सुन्दर चित्र उतार्न खोज्यो भने उसको चित्र त्यति सुन्दर नबन्न सक्छ । सोही अनुसार देशको शासकको मानसपटलमा पनि आफ्नो देशलाई कस्तो चित्रमा सजाउने ? भनेर सुन्दर सपना देख्नुपर्छ अनि त्यो सपना वा सोचाइलाई आकारमा उतारेर साकार रुप दिनुपर्छ । यसै अर्थमा भन्ने हो भने एउटा क्यानभासको सानो चित्रलाई सुन्दर रुप दिने सानो फुच्चे कलकार भएजस्तै शासक एउटा विशाल देशको चित्र सुन्दर बनाउने र सद्विचार राख्ने कलाकार हो भन्न सकिन्छ । सुन्दर तथा आकर्षक चित्र बनाउने कलाकार उमेरमा वृद्ध होस् कि तरुनो वा बच्चा होस्, त्यसले कुनै मतलब राख्दैन । सर्वप्रथम उसको मानस स्वच्छ र निर्मल हुन जरुरी हुन्छ । कुनै पनि कलाकार, लेखक, कवि जोसुकै किन नहोस् उसको मानसमा सद्भाव रहेको छैन भने उसले सुन्दर चित्र कोर्न सक्दैन । त्यसैले हाम्रा वेदका मन्त्रले भन्छन्, 'तमसो मा ज्योतिर्गमय' अर्थात् अँध्यारोमा सूर्यको प्रकाश जाओस् वा पुगोस् र उज्यालो होस् भनिएको हो ।

तर हाम्रो देशमा शासन गर्ने प्राय: सबैजसो शासक बाहिरी बोक्राका रुपमा रचनात्मक वा सिर्जनशील कर्म गर्न खोजेको जस्तो देखाए पनि आन्तरिक फदय भने तामस भावले भरिएको हो कि जस्तो लाग्नेछ भनेर अनुभूत गर्न सकिन्छ । हाम्रा इतिहासदेखि हालसम्मका सबैजसो शासकमा आन्तरिक सिर्जनशीलताको भावनाको प्रतिशत शायद शून्य छ भन्दा कुनै फरक नपर्ला । त्यस्तै उनीहरुमा नि:स्वार्थ भावको विकास शायद भएकै छैन कि जस्तो उनीहरुको व्यवहारले बताउँछ । उनीहरुलाई गौतम बुद्ध बन्ने रहर धेरै मात्रमा रहेको छ तापनि तपस्यामा लीन हुनको लागि मानस कति पनि तयार भएको छैन । मानस तयार नभईकनको रहर गराइ भनेको बालहठजस्तै मात्र हो । तपस्यामा केहीबेर बसेजस्तो गरे पनि चञ्चल मानसले गर्दा उनीहरु लीन हुन सक्ने अवस्था रहँदैन । बिचरा उनीहरु यति धेरै लोभी भएका छन् कि लिओ टाल्सटायको एउटा मान्छेलाई कति जमिन चाहिन्छ ? शीर्षक कथाको नायक पात्रले दिनभर दौडेर घेरो लाउँदै आफ्नो नाममा धेरै जग्गा पार्न उद्यत् भएर लोभ गरेभन्दा धनसम्पत्तिको अधिक लोभ हाम्रा शासक बनेका र भविष्यमा शासक बन्ने व्यक्तिलाई लाग्दछ ।

एउटा सानो वा ठूलो देशका लाखौं वा करोडौं जनताको कार्यकारी अभिभावक बन्ने वा बनेको शासकको मानसमा लोभ र मोहको कहिल्यै नअघाउने वा नभरिने खाडल खनेपछि त्यो खाडल भरिपूर्ण पार्ने प्रयासमा इज्जत, इमानजस्तै नैतिकताका गहना सबै उतारेर पाप, धर्म, स्वर्ग, नरकका कुरालाई एकातिर पन्छाई अन्त्यमा कसैको अमूल्य जीवन समाप्तै गरेर भए पनि आफ्नो लोभको खाडल भर्नतिर लागेको पाइन्छ । हाम्रा शासकलाई भोलि मरेर रित्तो हात शून्यमा बिलाउने शरीर हो भन्ने कुरा मुखले अभिव्यक्त गरे पनि दिमागी सोचाइको उत्कर्षमा पुगेर कुनै सकारात्मक प्रभाव पार्न सकेको छैन । उनीहरु मुखले जति मात्रमा आफू शुद्ध छु भनेर भाषण छाँटे पनि उनीहरुको मानसको कुनै भागमा कलुषित दाग रहेकै छ । यसै कालो दागका कारण उनीहरु जनचाहना विपरीतका र आफ्ना स्वार्थका लागि जनताको नजरबाट अदेख भएर भए पनि नकारात्मक कामतिर लहसिन थाल्दछन् ।

जुन शासकले आफ्ना जनताका भावनाअनुसारका काम गर्न सक्दछ, त्यस्तो शासक जनताका नजरमा मात्र होइन कि मानसमा समेत सतपात्रको आसनमा रहेको हुन्छ । तर जुन शासकले जनचाहना विपरीतका कुकर्म गर्न थाल्दछ र स्वार्थमा अल्झिएर कर्म गर्न थाल्दछ त्यस्तो शासक आम जनताको नजरबाट गिरेर जान्छ भन्ने मात्र होइन कि जनमानसमा समेत घृणाको पात्रमा परिणत हुन पुग्दछ ।

अहिलेको अवस्थामा हाम्रो देशका शासकले नेपाली कांग्रेससँग गठजोड गरेर बहुमत प्रमाणित गराई आफ्नै नेतृत्वमा सरकार गठन गर्ने काम गरेका छन् । तर उनी शासक बन्नुको अन्तर्य के रहेको छ भने, विगतमा विभिन्न ठूला पद धारण गरेर भ्रष्टाचारको तलाउमा डुबेकालाई जसरी भए पनि कार्यवाही गर्न वा गरिनबाट जोगाउने भन्ने रहेको छ । तर आम नेपाली जनताको मानसिक चाहना भने हाम्रा शासकले भ्रष्टाचारी सबैलाई यथोचितरुपमा कारबाही गराउन र समग्र नेपाल देश नै भ्रष्टाचारबाट मुक्त होस् भन्ने रहेको छ । तर हाम्रा वर्तमानका कार्यकारी शासकले जनआवाज सुन्नुको साटो भ्रष्टाचारीलाई उचित कारबाही हुनबाट जोगाउनुलाई आफू शासक बन्नुको अन्तिम लक्ष्य ठानेर जनआवाजको सुनुवाइ एक थोपो पनि गर्न सकेको पाइँदैन । हाम्रा शासक भ्रष्टाचारीलाई जोगाउनको लागि निकै मूल्य चुकाएरै भए पनि सफल हुन्छु भन्ने आशयले लागेका देखिन्छन् । उनी पहिलोपटक नेपालका प्रधानमन्त्री भएका होइनन् । यसअगाडि पनि पटक-पटक नेपालका कार्यकारी शासक भएर शासन चलाए पनि सफल शासकको पाइलो चाल्न नसकेर आफ्नै व्यक्तिगत स्वार्थमा डुबी काम गरेका हुनाले पटक-पटक असफल भएका शासक हुन् । त्यति मात्र होइन कि यसपटक पनि उनी आफूलाई असफल शासककै कोटीमा राख्ने ध्येयले पाइला चाल्दै छन् । उनका पाइला जनचाहनानुसारको बाटोमा अगाडि बढ्न नसकेर आफूले गरेका कुकर्मको विरोध गर्ने जनतालाई दमन गर्ने दिशामा अगाडि बढ्न थालेका हुनाले यसपटक पनि उनी असफल शासक नै बनेर शासकको सिँढीबाट ओर्लेलान् भन्ने कुरा अनुमान लाउन सकिन्छ ।

प्रधानमन्त्रीजस्तो गरिमामय र जिम्मेवार अभिभावकको आसनमा विराजमान भएका केपी ओलीले जाबो एउटा महानगरका प्रमुखसँग जुहारी खेल्न पटक्कै नसुहाउने कुरा हो । वास्तवमा भन्ने हो भने देशको प्रधानमन्त्री भनेको त महानगरका नगरप्रमुखको समेत अभिभावक मानिनुपर्ने वा बनिनुपर्ने हो । तर हाम्रा प्रधानमन्त्री काठमाडौं महानगरका मेयरसँग लाजै नमानी जोरी खोज्दै छन् । त्यो अवस्था कसरी आयो भने, पटक-पटक प्रधानमन्त्री बनेर देशकै शासन चलाएका व्यक्तिले एउटा महानगरको प्रमुखको जत्तिको पनि नि:स्वार्थ त्याग गरेर देखाउन नसकी आफ्नै स्वार्थमा रुमलिनाले हो । अर्को कुरा, शासकको दिमागभित्र नयाँ, सुन्दर र आम जनतालाई खुशी बनाउने सिर्जना पस्कने क्षमता पनि कहिल्यै प्रकट हुन सकेको पाइएन । आफू जुन देशको शासक हुन्छ, त्यो देशको बारेमा सुन्दर सपना नदेख्ने, आफूले देखेको सुन्दर सपनालाई साकार रुप दिन नखोज्ने शासक कसरी लोकको प्यारो शासक बन्न सक्ला र ? यतिसम्म कि कसै नागरिकले मुहार पुस्तिकामा पठाएको भनाइ पढेर डराउने र उक्त नागरिकलाई शक्तिको आडमा यातना दिन लगाउने शासक कसरी जनप्रिय शासक हुन सक्ला ? आफू निर्दोष र निरापराध छ भने कोही पनि त्यति धेरै डर मान्दैन । पटक-पटक प्रधानमन्त्री वा देशको शासक भएर भए/गरेका आपराधिक कुकर्मको पोल खोलिएला कि भन्ने डरले हाम्रा प्रधानमन्त्रीलाई त्यही चिन्ताले गर्दा निदहराम भइरहेको होला भन्ने अनुमान लगाउन सकिन्छ । आफ्नो तुलनामा अरु कसैको पनि लोकप्रियता चुलिएको देखेर रिसले मुर्मुरिएर बस्छन् कुकर्म गर्ने शासकहरु । आफ्नोभन्दा अरुको प्रसिद्धि बढ्दै जाँदा प्रसिद्धि चुलिनेवाला व्यक्तिहरु असफल र अयोग्य शासकका नजरमा बेस्कन बिझाउन थाल्छन् । यसरी बिझाएका व्यक्तिलाई उनीहरुको बाटोबाट कहिल्यै नउठ्ने गरी सफाचट गर्न पनि बेर लाउँदैनन् भन्ने कुरा पनि विगतले देखाएको छ ।

प्रधानमन्त्रीले भर्खरै गर्दै गरेका कुकर्मले धेरै नेपालीलाई आक्रोशित बन्न बाध्य बनाएको छ । त्यो सामूहिक आक्रोशको ज्वाला एकैपटक दन्कन पुगेको खण्डमा बंगलादेशकी प्रधानमन्त्री बेगम खालिदाले देशै छोडेर भागेजस्तै दिन हाम्रा प्रधानमन्त्रीको पनि नआउला भन्न सकिन्न । पटक-पटक असफल शासक बनेर पनि पुन: सत्ताकै भोक जाग्नु आफैंभित्रको विडम्बना हो । अबका आम नेपाली जनताको मनभित्रको आवाज भनेको पुरानो र असफल सत्ता सञ्चालनको तरिकालाई आमूल परिवर्तन गरेर त्यसको स्थानमा सिर्जनशील, उदारवादी शासन व्यवस्था स्थापित गराउनु रहेको छ । शासक होस् कि आम जनता, सबैको मानसमा आफू आफ्नै स्वच्छ कमाइको भरमा बाँच्नुपर्छ, कतै पनि भ्रष्टाचारका तानाबाना बुन्नुहुँदैन भन्ने कुरा केवल भाषणमा मात्र होइन कि व्यवहारमा देखिनुपर्ने बेला भइसकेको छ । शासक भएर पनि खराब र देशघाती कर्म गर्ने जोसुकैलाई आम जनताले अथवा समयले उचित सजाय दिएर प्रायश्चित्त गराएरै छोड्नुपर्ने भएको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# ब्याटिङमा नेपालको बिजोग किन ?

काठमाडौं/डेढवर्ष अघि मोन्टी देशाइको प्रशिक्षणमा चार हप्ता ट्रेनिङपछि नेपालले घरेलु मैदान त्रिविमा स्कटल्यान्ड र नामिबियासँग लिग-२ मा सनसनीपूर्ण ब्याटिङ गऱ्यो । सन् २०२३ फेब्रुअरी १४ मा नामिबियाले दिएको २८६ रनको लक्ष्य नेपालले ४७.४ ओभरमा ८ विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालले ओडीआईमा पूरा गरेको त्यो सर्वाधिक ठूलो योगफल थियो ।



अर्को खेलमा स्कटल्यान्डले दिएको २७५ रनको लक्ष्य नेपालले ४७.३ ओभरमा ७ विकेट गुमाउँदै पूरा गऱ्यो । त्यसपछि नामिबिया विरुद्ध २७५ र स्कटल्यान्डविरुद्ध २१३ रनको लक्ष्य पूरा गर्दै मोन्टीको आगमनले ब्याटिङ सुधारिएको आभास दिलायो । युएईमा टूरमा पहिलो खेल हारेपनि बाँकी तीन खेल जित्यो । ब्याटिङ घरेलु मैदानमा जस्तो त थिएन, तर जितसँगै सबै कमजोरी छोपियो ।

त्यसपछि घरेलु मैदानमा लिग टूको अन्तिम चार वटै खेल जित्यो । अन्तिम १२ मध्ये ११ खेल जित्दै नेपालले ओडीआई मान्यता मात्र जोगाएन, सोझै विश्वकप छनोटमा स्थान बनायो । अप्रिलमा घरेलु मैदानमै भएको एसीसी प्रिमियर कपको फाइनलमा युएईलाई ७ विकेटले हराउँदै एसिया कपमा पुग्यो । समूह चरणमा त नेपालले ओमानविरुद्ध ५० ओभरमा ८ विकेट गुमाउँदै ३१० रन बनाएको थियो । जुन, एकदिवसीय क्रिकेटमा नेपालको हालसम्मकै सबभन्दा ठूलो स्कोर हो ।

अक्टोबरमा घरेलु मैदानमा भएको आईसीसी टी-२० विश्वकप एसिया क्षेत्र छनोटमा सेमिफाइनलमा युएईलाई हराउँदै १० वर्षपछि टी-२० विश्वकपमा पुग्न सफल भयो । ८ महिनाको अन्तरमा पाएको एकपछि अर्को सफलता पाएको नेपाल अहिले ठीक विपरीत अवस्थामा छ ।

लिग टूको नयाँ संस्करण (२०२४-०२६) को सुरुवाति ७ खेलमा ६ वटा हार व्यहारेको छ । घरेलु मैदानमा गत फेब्रुअरीमा नामिबियासँग दुबै र नेदरल्यान्ड्ससँग एक खेल हारेको थियो । अहिले क्यानडा टूरमा पनि खराब प्रदर्शन कायमै छ ।

नेपालले क्यानडामा खेलेको सुरुवाती तीनै खेल हारेको छ । पहिलो खेलमा क्यानडाले दिएको २५४ रनको लक्ष्य पछ्याएको नेपाल १५० रनमा अल आउट भएको थियो । तल्लोक्रममा सन्दीप लामिछाने २२, गुलशन झा १५ र करण केसीले २७ रन बनाएपछि १०० रन कटेको थियो ।

त्यो खेलमा प्रमुख ब्याटर कुशल भुर्तेल १, आसिफ शेख २०, भीम सार्की १८, रोहित पौडेल ५, कुशल मल्ल १२ र दीपेन्द्रसिंह ऐरी ८ रनमा आउट भएका थिए । दोस्रो खेलमा ओमानविरुद्ध अर्जुन ५, आसिफ र भीम ११-११ रनमा आउट भएपनि रोहित पोडेल ६०, आरिफ शेख ३५ र गुल्शन झाले ५३ रन बनाएपछि नेपालले ५० ओभरमा ९ विकेट गुमाउँदै २२० रन बनाएको थियो । तर १ विकेटले हार्न पुग्यो ।

आइतबार राति क्यानडासँग १८१ रनमा अल आउट हुँदै ५ विकेटले पराजित भयो । अर्जुन १०, आसिफ २, भीम र रोहित ४-४ तथा आरिफ १० र अनिल साहले १ रन बनाएका थिए । नेपालका शीर्ष ६ ब्याटरले कुल ३१ रन बनाउँदा स्पिनर सन्दीपले एक्लैले ४९ रन बनाएका थिए । नेपालका शीर्ष चार ब्याटरको भन्दा बढी क्यानडाले अतिरिक्त २२ रन दिएको थियो ।

ब्याटरको क्षमता अभिवृद्धिका लागि काम गर्न नसक्दा यो अवस्था आएको बताउँछन् पूर्वप्रमुख छनोटकर्ता दीपेन्द्र चौधरी । 'हामीले पछिल्लो समय पाएको सफलतासँगै अर्को स्तरमा पुग्ने तयारीमा कहिल्यै काम गरेनौं', उनले भने, 'एक समय हाम्रो ब्याटर, जसले पनि आएर रन बनाए । तर उनीहरुको स्किलमा काम गरेनौं ।'

हुन पनि नेपाली क्रिकेटले ब्याटिङमा संघर्ष गर्दै आएको थियो । पछिल्लो समय लिग टूको अन्तिम १२ मध्ये ११ खेल जित्दा त्यही ब्याटिङ नेपालको स्ट्रेन्थ जस्तो देखियो । चौधरी भन्छन्, 'नेपाली ब्याटर सफल हुँदा दुनियाको ध्यान केन्द्रित भयो । अनि नेपालको कमजोरी पहिल्याएर खेल्न थाले । तर हामीले स्किल सुधार्न काम गरेनौं ।' जिम्बाब्वेमा भएको एकदिवसीय विश्वकपको छनोटमा विपक्षी टोलीका बलरहरुले सर्ट र बाउन्सरमा नेपाली ब्याटरहरुको कमजोरी उदाङ्गो पारिदिए । त्यसपछि नेपालले सर्ट बलमा ध्यान दियो । त्यसको धेरथोर प्रभाव एसिया कपमा देखिएको थियो ।

तर ब्याटरहरुको क्षमता विकास, खासगरी सटहरुको भेरिएसनमा काम गर्न गरेन । नेपाली अधिकांश ब्याटरको एकै किसिमको सट हुन्छ, एउटै जसो क्षेत्रमा रन जोड्न खोज्छन् । अहिले नेपाली टोलीका सदस्यहरुमध्ये कप्तान रोहित तुलनात्मक रुपमा आफ्ना सटहरुमा भेरिएसन ल्याउँछन् । ओपनर कुशल भुर्तेल अफस्टम्प केन्द्रित लेन्थ बलमा निरन्तर आउट हुने गरेका छन् । कुशल मल्ल र गुल्शनले लङअन र अङअफमा बढी सट खेल्छन् । आरिफ र भीम स्पीनरमा कट सट बढी खेल्छ । तर फास्ट बलरले बाउन्सर हाल्दा उनीहरु सजिलै फस्ने गर्छन् ।

त्यसमाथि २०२३ को सुरुवातदेखि नेपालले प्लेइङ ११ मा ओडीआई र टी-२० आईमा लगभग एकै खेलाडी खेलाउँदै आएको छ । जसको सबल र दुर्बल पक्ष विपक्षीले पत्ता लगाइसके । घरेलु क्रिकेटको संरचना बलिया बनाएको भए, नेपाल ११ लाई नियमित म्याच एक्सपोजर दिएर ब्याकअप तयार पारेको भए टोलीमा सरप्राइज प्याकेजका रुपमा नयाँ ब्याटर आउनसक्थे ।

तर घरेलु संरचना छैन बराबर छ । बल्लबल्ल बनेको नेपाल ११ का सदस्यहरुले खेल्नै पाएका छैनन् । अनि, राष्ट्रिय टिममा भएका ब्याटरहरुको क्षमता अभिबृद्धिका लागि बाह्य प्रशिक्षण छैन । पूर्वप्रमुख छनोटकर्ता चौधरी भन्छन्, 'नेपाल टिम त अभ्यास खेलमा गएको छ, तर यसले मात्र पुग्दैन । अब हामीले ४/५ जना मुख्य ब्याटरहरुलाई फरक फरक देशमा लगेर ट्रेनिङ गराउनुपर्छ ।'

**तयारी नै फरक कन्डिसनमा**

गत जुनमा आईसीसी टी-२० विश्वकप खेलेपछि दुई महिना नेपाली क्रिकेट खाली रह्यो । क्यानडा जानु अघि नेपालले भारतको नेशनल क्रिकेट एकेडेमी (एनसिएल) मा दुई हप्ता र श्रीलंकामा गएर एक हप्ता अभ्यास गरेको थियो । क्यानडाको कन्डिसन र नेपालले अभ्यास गरेको फरक थियो ।

जुलाई अगष्टमा ग्लोबल टी-२० क्यानडा रोहित, दीपेन्द्र र सन्दीप गएका थिए । त्यसपछि सन्दीप फर्किंदा दीपेन्द्र र रोहित उतै बसेर अभ्यास गरेका थिए । रोहित पहिलो खेलमा ५, दोस्रोमा ६० र तेस्रोमा ४ रनमा आउट भए । सन्दीपले २२, ११ र ४९ रन बनाए । दीपेन्द्र पहिलो खेलमा ८ रनमा आउट भएपछि टोली बाहिर गऱ्यो ।

क्रिकेट विश्लेषक रवि तिमिल्सिना टीयु र मुलपानीभन्दा बाहिर जानसक्नुपर्ने बताउँछन् । 'हामी पीएम कपमा भैरहवामा गएर खेल्दा पनि खत्तम नै गरेका थियौं', उनले भने, 'जुन कन्डिसनमा खेल्ने हो, त्यसैमा निरन्तर अभ्यास गरे ब्याटिङ राम्रो हुन्छ । यो पटक हाम्रो तयारी त्यसअनुसार हुन सकेन ।'

कमजोर ब्याटिङमा खेलाडीहरु पनि त्यतिकै जिम्मेवार छन् । विशेषगरी गैरजिम्मेवार सट छनोट गर्नुका साथै धैर्यताको कमी देखिएको क्रिकेट विश्लेषक तिमिल्सिना बताउँछन् । जबकी मूख्य प्रशिक्षक मोन्टी आफैं ब्याटिङ प्रशिक्षक हुन् । उनी नेपाल आउनुअघि वेस्टइण्डिजको ब्याटिङ प्रशिक्षकका रुपमा तीन वर्ष काम गरेका थिए । गत अक्टोबरदेखि जुनसम्म भारतीय नन्दन फड्निसले पनि ब्याटिङ प्रशिक्षकको रुपमा काम गरेका थिए । तरपनि नेपालको ब्याटिङमा पुरानै समस्या देखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# निरुता भन्छिन्, 'फिल्मलाई एकदमै मिस गर्छु'

काठमाडौं/कुनै बेलाकी सर्वाधिक सफल अभिनेत्री निरुता सिंहले लामो समयपछि केमियो भूमिकामै भए पनि 'नाइँ नभन्नू ल ५'बाट अभिनयमा कमब्याक गरेकी थिइन् । यसपछि फिल्म 'दाल भात तरकारी'मा मुख्य भूमिका निभाइन् । तर, यो फिल्मपछि निरुता फेरि निस्क्रिय देखिएकी छन् । फिल्मबाट अफर पुगिरहेको भए पनि उनले काम गरेकी छैनन् । उनी फिल्ममा नदेखिएको ५ वर्ष भइसकेको छ ।



लामो समयदेखि परिवार सहित भारतको मुम्बईमा बस्दै आएकी उनी नेपाल भने बाक्लै आउजाउ गरिरहेकी हुन्छिन् । गत मंगलबार उनी एक म्यूजिक भिडियोमा काम गर्न नेपाल आएकी थिइन् । गीतको छायांकन सकिएपछि निरुताले आइतबार फिल्म 'खुस्मा'को विशेष शोमा पनि उपस्थिति जनाइन्, जहाँ उनले फिल्मको खुलेर प्रशंसा गरिन् । उनी यसलाई अर्गानिक फिल्मको संज्ञा दिन्छिन् ।

'यो द्वन्द्वको कथामा बनेको छ । फिल्ममा एउटा परिवारको कथालाई देखाइएको छ, तर यो धेरै घरमा घटेको कथा छ । यसलाई म अर्गानिक फिल्म भन्न चाहन्छु,' उनले भनिन् । उनले फिल्मकी अभिनेत्री उपासना सिंह ठकुरीको पनि प्रशंसा गरिन् । 'उपासनामा निरुता सिंहलाई पाउन सकिन्छ ?' भन्ने पत्रकारको प्रश्नमा उनले भनिन्, 'मभन्दा माथि पाउनुहुन्छ । उसको काम एकदमै राम्रो छ ।'

स्क्रिनमा फर्किने अधैर्य रहेकी निरुता आफूले नेपाली फिल्मलाई धेरै नै सम्झिने गरेको बताउँछिन् । 'कलाकारका लागि फिल्म कति विशेष हुन्छ होला ? म फिल्मलाई एकदमै 'मिस' गर्छु । हरेक कलाकारको इच्छा मर्नुभन्दा अघिसम्म पनि आफूलाई 'स्क्रिन'मा देख्न पाउँ भन्ने हुन्छ । यसैले त सानो केही भयो भने पनि म नेपाल आइहाल्छु । म चाँडै आफूलाई 'स्क्रिन'मा हेर्न चाहन्छु,' उनी भन्छिन् ।

अघिल्लो वर्ष निरुताले मुम्बईमै विवाह गरेकी थिइन् । उमेरले ४० वर्ष कटेपछि घरजम बसाएकी उनी आफ्नो वैवाहिक जीवन खुसी रहेको बताउँछिन् । 'मेरो वैवाहिक जीवन खुसहाल छ । मैले जस्तो जीवनसाथी चाहन्थें त्यस्तै पाएको छु । 'ढिला आयो कडा आयो' भनेजस्तै भएको छ,' उनले हाँस्दै भनिन् । अभिनेता उत्तम प्रधानसँग एक म्यूजिक भिडियोमा काम गर्न निरुता नेपाल आएकी हुन् ।

# '१२ गाउँ'को 'कसो कसो' गीतमा सोनूसँग समीरको रोमान्स

काठमाडौं/अभिनेता विराज भट्टको दोस्रो निर्देशकीय फिल्म '१२ गाउँ'को नयाँ गीत सार्वजनिक गरिएको छ । सोमबार सार्वजनिक 'कसो कसो' बोलको रोमान्टिक गीतमा फिल्मका मुख्य अभिनेता समीर भट्ट र अभिनेत्री सोनू चन्द्रपाल प्रस्तुत छन् । उनीहरूको एकअर्काप्रति आशक्ति, आकर्षण र प्रेमभाव गीतले बोल्छ । समीर विराजका आफ्नै छोरा हुन् भने सोनू भारतीय टीभी सिरिजकी कलाकार हुन् ।



नीरज सिंहको संगीत, सुवास चन्द्र ढुंगेलको शब्द तथा सुगम पोखरेल र सदीक्षा कट्टेलको गायन रहेको गीतमा रामजी लामिछानेको कोरियोग्राफी छ । यो गीत भारतका प्रख्यात गायक कैलाश खेरको कैलासा स्टुडियोमा रेकर्ड गरिएको हो । गीतको छायांकन पनि भारतमै गरिएको देखिन्छ । करिब दुई साताअघि '१२ गाउँ'को पहिलो गीतको रुपमा 'सिनेमा हेर्न जाउँ' सार्वजनिक गरिएको थियो ।

यही असोज २४ गते (फूलपाती)देखि प्रदर्शनमा आउन लागेको फिल्ममा समीर र सोनूसहित विराज स्वयं पनि मुख्य भूमिकामा छन् । पूर्व मिस नेपाल इन्टरनेशनल न्यान्सी खड्का, मोडल सनिशा भट्टराई, मुरलीधर, दीया मास्के, अर्जुनजंग शाही, कनिज कोइराला, नरेन खड्का, कृष्ण भट्ट, भिष्म जोशी, स्टन्ट सिल्भा (साउथ फिल्मका कलाकार) लगायतको पनि '१२ गाउँ'मा अभिनय रहेको छ ।

फिल्ममा महेश पौडेलको छायांकन, अर्जुन पोखरेल र निरज सिंहको संगीत, रामजी लामिछाने र सुनिल क्षेत्रीको कोरियोग्राफी तथा प्रवीन केएल र भुपेन्द्र अधिकारीको सम्पादन रहेको छ भने विराज स्वयंको कथा र सन्तोष सरकारको पटकथा तथा संवाद लेखन छ । यसमा द्वन्द्व निर्देशन साउथका स्टन्ट सिल्भाले गरेका छन् । उनले साउथका ५० बढी फिल्ममा द्वन्द्व निर्देशन गरिसकेका छन् ।

# छठमा आउँदै कमेडी फिल्म 'फिरफिरे फिरिरी'

काठमाडौं/'नौ डाँडा पारी' र 'मंगलसूत्र' फिल्मका निर्माता मनोज कुमार अधिकारीले १५ वर्षपछि निर्माणमा कमब्याक गरेको फिल्म 'फिरफिरे फिरिरी' आगामी कात्तिक २२ गते (छठ पर्व)बाट प्रदर्शनमा आउने भएको छ । सोमबार फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरिएको हो । पोस्टरमा एक युवतीले हाँकेको स्कुटरलाई तीन युवकले पछाडिबाट तानिरहेको देखिन्छ ।

नविन भट्टको निर्देशनमा बनेको यो फिल्मबाट सन्दीप श्रेष्ठ र भावना उप्रेतीले डेब्यु गरेका छन् भने मनोज कुमार अधिकारी, रविना केसी, शंकर सेढाई, पिटर प्रिन्स, पुष्प अवस्थी, सूर्यमान लिम्बू लगायतको पनि अभिनय छ । निर्देशक भट्टले सन्दीप श्रेष्ठसँग मिलेर फिल्मको स्क्रिप्ट तयार पारेका हुन् । 'आज साइकल, भोलि फरारी' ट्यागलाइन दिइएको फिल्म हरर-कमेडी जनरामा बनेको हो । फिल्ममा जितु तामाङको छायांकन, केशवराज भट्टको कोरियोग्राफी, एलिस कार्कीको ब्याकग्राउन्ड म्यूजिक, प्रशान्त सिवाकोटीको संगीत, अमित श्रेष्ठको साउण्ड डिजाइन तथा अनन्त घिमिरेको सम्पादन र रंग संयोजन छ । निर्माता अधिकारीले अब नियमित रुपमा फिल्म बनाउने बताएका छन् । 'फिरफिरे फिरिरी' उत्कृष्ट बनेको उनको दाबी छ ।

# डेंगुका बिरामीले भरिन थाल्यो टेकु अस्पताल

काठमाडौं/पछिल्लो एक हप्तादेखि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल (टेकु) मा डेंगुका बिरामीको चाप बढ्दो छ । आइतबार मात्रै आकस्मिक कक्षमा १७ जना डेंगुका बिरामी भर्ना भए । 'हिजो बेलुका आकस्मिक कक्षको सबै बेड भरियो । प्यासेजमा राखेर उपचार गनुपऱ्यो', आकस्मिक कक्षका इन्चार्ज भालेश्वर यादवले संचार कर्मीसँग भने ।

पछिल्लो १० दिनयता डेंगु संक्रमितको संख्या ह्वातै बढेको छ । टेकु अस्पतालको तथ्यांक अनुसार असोज १ गते- ११, २ गते -३ , ३ गते -२३, ४ गते -२८, ५ गते - १९ र ६ गते १७ जना आकस्मिक कक्षमा भर्ना भए । जबकी साउन ११ र भदौ महिनाभर ५३ जना मात्रै डेंगुका संक्रमित भर्ना भएका थिए । अस्पतालका चिफ कन्सल्टेन्ट फिजिसियन डा. विमल शर्मा चालिसेका अनुसार पछिल्लो हप्ता डेंगु संक्रमित भर्ना हुने दर ह्वातै बढेको छ । 'आइतबार मात्रै २० जनाभन्दा बढीलाई डिस्चार्ज गयौं । त्यसको साथ-साथ भर्ना हुने दर र प्रयोगशालामा परीक्षण गर्न आउने संख्या बढ्दो छ,' डा. चालिसेले भने ।

उनका अनुसार आकस्मिक कक्षमा आएका अधिकांश मानिस जटिल अवस्थामा मात्रै आइपुगेका छन् । उनीहरुमध्ये कतिपयलाई आईसीयूमा राखेर उपचार गर्नुपरेको छ । विगतका वर्षमा डेंगु संक्रमितहरु धेरै गाह्रो नहुँदै अस्पताल आउने गर्थे । तर यसवर्ष भने निकै गाह्रो र जटिल बनिसकेपछि मात्रै बिरामी आउने गरेको चिकित्सक बताउँछन् । 'विगतको वर्षमा जस्तो डेंगु भएर केही गाह्रो हुँदा बिरामी आत्तिएर अस्पताल आउर्थे । तर अहिले सकेसम्म अस्पताल जान नपरोस भनेर घरमै आराम गरिरहेको देखिन्छ', डा. चालिसेले भने, 'डेंगुको जटिलता र खतराको चिन्ह देखिएका बिरामी मात्रै अस्पताल आइरहेका छन् ।'

**किन ह्वातै बढ्यो संक्रमण ?**

डेंगुको संक्रमण देशभर फैलिएको छ । अस्पताल पुगेका बिरामीको संख्या मात्र हेर्दा गत पुसदेखि हालसम्म ११ हजार ५४५ जनामा डेंगु भएको छ भने ६ जनाको मृत्यु भएको छ । सबैभन्दा बढी गण्डकी प्रदेशमा ५ हजार ४८२ जना संक्रमित भएका छन् । कास्की, तनहुँमा संक्रमण फैलिरहेको छ । त्यस्तै बागमती प्रदेशमा भने ३ हजार १७८ जनामा संक्रमण भएको छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का अनुसार उच्च जोखिममा कास्की, तनहुँ, काठमाडौं, पर्वत, चितवन, गोरखा, ललितपुर जिल्ला छन् । पछिल्लो हप्ता पानी पर्न रोकिएसँगै डेंगुका लार्भा सक्रिय हुन थालेका छन् । जसका कारण डेंगु संक्रमण बढ्दो छ । 'मनसुन सक्रिय हुँदा डेंगुका लार्भा जमेर बसेको ठाँउबाट बगाएर जाँदा लामखुट्टेको वृद्धि विकास कम भएको थियो', डा. चालिसेले भने, 'अहिले लार्भाले वयस्क हुन पाउँदा डेंगुको सक्रियता बढ्दै गएको छ ।'

**दोहोरो संक्रमण, जटिलता बढ्दो**

टेकु अस्पतालमा भर्ना कतिपय बिरामीलाई भने दोहोरो संक्रमण भएका कारणले जटिलता देखिएको छ । डा. चालिसेका अनुसार दोहोरो संक्रणण भएका बिरामीलाई आईसीयूमा समेत राखेर उपचार गर्नुपरेको छ । डेंगुका १, २, ३ र ४ गरी चार प्रकारका सेरोटाइप हुन्छन । सबै सेरोटाइप नेपालमा देखिसकेका छन् ।

पहिलो पटकभन्दा फरक प्रकार (सेरोटाइप) को डेंगु संक्रमण भए स्वास्थ्यमा जटिलता निम्तने जोखिम बढी हुने उपचारमा चिकित्सक बताउँछन् । फरक सेरोटाइपको संक्रमण भएमा जटिलता बढी हुने सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन बताउँछन् । पहिलो पटक डेंगुको जुन सेरोटाइपले संक्रमण गरेको छ, अर्को पटक पुन: त्यही सेरोटाइपले संक्रमण गरेमा स्वास्थ्य जटिलता न्यून हुन्छ । तर दोस्रो पटक फरक खालको सेरोटाइपले संक्रमण गर्दा जटिलता बढी हुन्छ ।

डा. पुनका अनुसार अहिले अस्पताल आएका अधिंकाश डेंगु संक्रमितले अत्याधिक पीडा महसुस गर्ने गरेका छन् । 'डेंगु अप्रत्यासित रूपमा बढिरहेको छ । अत्याधिक पीडा लिएर गम्भीर प्रकृतिका बिरामी अस्पताल आइरहेका छन्,' डा. पुनले भने, 'डेंगुका बिरामी जति बढ्छन्, मृत्यु हुने सम्भावना उति नै बढ्दै जान्छ ।'

उपचारमा संलग्न चिकित्सकका अनुसार अत्याधिक उल्टी हुने, फोक्सो, पेटमा पानी जमेका, गिजा, पिसाबबाट रक्तस्राव भएर बिरामी अस्पतालमा भर्ना भइरहेका छन् । 'चार प्रकारका सेरोटाइपमध्ये पहिले जुन प्रकारले संक्रमण गऱ्यो, पुन: त्यही सेरोटाइपले संक्रमण गर्दा जटिलता हुने सम्भावना न्यून हुन्छ । तर फरक सेरोटाइपले संक्रमण गर्दा भने जटिलता हुनसक्छ,' डा. पुनले भने, 'अघिल्ला वर्षभन्दा यसवर्ष धेरै बिरामी पीडादायी भएको पाइएको छ ।'

अझै तीन हप्ता डेंगु संक्रमण तीव्र रूपमा फैलिने हुँदा सतर्कता अपनाउनुपर्ने महाशाखाका किटजन्य शाखा प्रमुख डा. गोकर्ण दाहाल बताउँछन् । 'विगतका वर्षमा पनि उच्च डेंगु संक्रमण फैलिने भनेकै भदौ र असोज महिना हो, त्यसैले अझै तीन हप्ता जोखिमै छ', डा. दाहालले भने । तर यसवर्ष कुनै पनि क्षेत्रमा 'हटस्पट' रुपमा डेंगु नफैलिएको कारणले संक्रमणदर त्यति उच्च नहुने डा. दाहालको अनुमान छ । चिकित्सकका अनुसार डेंगु संक्रमण भएका अधिकांश बिरामीलाई घरमै बसेर आराम गरेमा सञ्चो हुन्छ । तर जटिल लक्षण देखिए तुरून्तै अस्पताल जानुपर्छ र संक्रमितलाई भर्ना गरेर उपचार गर्न जरूरी हुन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# ३ महिनाभित्र सार्वजनिक सेवालाई नागरिक एपसँग जोडिने

काठमाडौं/सरकारले ३ महिनाभित्र महत्वूर्ण सार्वजनिक सेवाहरुलाई राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली र नागरिक एपसँग अन्तरआवद्धता गर्ने भएको छ । सोमबार सिंहदरबारमा मुख्यसचिव एकनारायण अर्यालको अध्यक्षतामा बसेको सचिवहरूको बैठकले सार्वजनिक सेवालाई राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली र नागरिक एपसँग अन्तरआवद्ध गर्ने काममा सम्बन्धित मन्त्रालय/निकायले उच्च प्राथमिकतामा राख्ने निर्णय भएको छ ।

३ महिनाभित्र यो काम सक्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने निर्णय पनि सचिव बैठकबाट भएको छ । सरकारले 'नागरिक एप' लाई दैनिक सेवा प्रवाहसँग जोड्न प्रारम्भिक काम थालिसकेको छ ।

सरकारले व्यक्तिका सबै सरकारी परिचयपत्रहरु एकै ठाउँमा राख्न सक्ने गरी २ माघ २०७५ मा नागरिक एप सार्वजनिक गरेको थियो । तर, एपमा रहेका व्यक्तिका दस्तावेजबाटै सेवाग्राहीले सरकारी सेवा लिन सक्ने गरी सरकारले प्रोत्साहन र प्रवर्द्धन गरेको छैन । तर साढे ५ वर्षपछि यसलाई पुनर्जीवन दिन लागिएको छ ।

गत ११ भदौमा बसेको सचिव बैठकले पनि सरकारी निकायले गर्ने काम र दिने सेवालाई नागरिक एपसँग अन्तर आवद्ध गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले प्रक्रिया र प्रणालीको व्यवस्था गर्ने निर्णय गरेको थियो । त्यसअनुसार अहिले सञ्चार मन्त्रालय र प्रधानमन्त्री कार्यालयले नागरिक एपलाई सरकारी सेवा प्रवाहसँग जोड्ने गरी प्राविधिक तयारी थालिसकेका छन् ।

२०७४ को आम चुनावपछि बनेको केपी शर्मा ओली नेतृत्वको सरकारले यो एप बनाएर प्रयोगमा ल्याएको थियो । २०७८ सालमा ओली सरकारबाट बाहिरिएपछि बनेका अरु सरकारले यो एपलाई अपडेट राख्ने, सेवाहरु अन्तर आवद्ध गर्ने र एपलाई प्राविधिक रुपमा चुस्त राख्ने काम गरेनन् ।

वर्षमा ५० लाख रुपैयाँ बजेट पनि नपाएपछि राष्ट्रिय सूचना प्रविधि केन्द्रले एपको विकास र सेवा लिन सक्ने प्रणाली नै बनाएको छैन । 'नागरिक एप' को प्रयोगलाई बढाएर घरमै बसीबसी सरकारी सेवा लिन सक्ने गरी प्राविधिक तयारीहरु थालिएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ ।

यसका लागि राष्ट्रिय परिचयपत्र र मोबाइल नम्बरसहित व्यक्तिगत प्रामाणिक कागजपत्रहरु नागरिक एपमा अन्तरआवद्ध गरेर एपमार्फत सेवाहरु विस्तार गर्दै लैजाने योजना छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



# हेटौंडाको ९ नम्बर वडा बालमैत्री घोषणाको तयारीमा

साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/ आगामी पुससम्ममा हेटौंडा उपमहानगरलाई बालमैत्री नगर घोषणा अभियानमा हेटौंडा उपमहानगरपालिका-९ नम्बर वडा थपिने भएको छ ।



यही असोज ११ गते वडालाई निकृष्ट बालश्रममुक्त, बालविबाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारीसँगै नगरको सातौं वडा हेटौंडा-९ बन्ने भएको छ । वडा घोषणा गर्ने मात्र होइन घोषणापछिको जिम्मेवारीलाई समेत बहन गर्ने गरी अभियानमो जोडिएको हेटौंडा-९ का अध्यक्ष एवम् बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा मूल समितिका संयोजक सुकराम केसीले बताए ।

सोमबार वडामा आयोजित पत्रकार सम्मेलनमा सभ्य र भव्य कार्यक्रम गर्ने तयारीमा रहेको भन्दै महाअभियानमा सबैलाई सहयोगी बन्न आह्वान गरे । उनका अनुसार बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक रहेको ५१ सूचकलाई पुरा गर्दै आउँदो ११ गते वडालाई बालमैत्री घोषणा गरिनेछ । यस अघि हेटौंडा उपमहानगरको ८, २, ७, १७, ४ र १० नम्बर वडा बालमैत्री घोषणा भैसकेका छन् ।

यसअघि पूर्णखोप, पूर्णसाक्षर र खुल्लादिशामुक्त वडा घोषणा भैसकेको हेटौंडा-९ लाई सातौं वडाको रुपमा बालमैत्री स्थानीय शासनयुक्त बनाउँन लागिएको हो । घरधुरी तथ्याङ्क २०७९ अनुसार १८ वर्ष मुनिका २ हजार ७०७ जना रहेकोमा १ हजार ४४५ बालक र १ हजार २६२ जना बालिका छन् । बालमैत्री घोषणापूर्व वडामा २५ वटा बालसमूह र १ बालसञ्जालमा ६२५ जना बालबालिका आवद्ध रहेका छन् भने बिभिन्न संरचनागत समितिमा ६५५ जना बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको वडा कार्यालयका सचिव राजेन्द्र पोखरेलले जानकारी दिए ।

**वार्षिक कामको समीक्षा**

हेटौंडा उपमहानगर पालिका-९ वडाले गत आर्थिक वर्षमा गरेका कामको लेखाजोखा गरेको छ । वडा कार्यालयमा आयोजित कार्यक्रममा २०८०/८१ मा ९ नम्बर वडामा भएका विकास निर्माण तथा अन्य क्रियाकलापको सार्वजनिक सुनुवाईमार्फत लेखाजोखा गरेको हो ।

वडाले आर्थिक वर्ष २०८०/८१ मा बिभिन्न पूर्वाधार निर्माण सहितका काममा ३ करोड ४९ लाख ६४ हजार २९२ रुपैयाँ खर्च गरेको उल्लेख छ । वडाले २०८०/८१ मा सडक पूर्वाधार स्ल्यावढलान, ढलनिर्माण, विद्युत सामग्री बितरण, खेलकुदलगायतको क्षेत्रमा खर्च गरेको जानकारी गराइएको हो ।

९ नम्बर वडाअध्यक्ष केसीको अध्यक्षतामा भएको कार्यक्रममा वडाका निर्वाचित जनप्रतिनिधि सहित वडामा रहेको टोल विकास सस्था, आमा समूह, सामाजिक संघसस्थामा प्रतिनिधित्व गर्ने स्थानीयको सहभागिता रहेको थियो । सार्वजनिक सुनुवाईमा संघसस्थाको प्रतिनिधित्व गर्दै प्रगति माध्यमिक विद्यालयका प्रधानाध्यापक नीरन्जन ढकालले मन्तव्य व्यक्त गरेका थिए ।

# गाँजा तस्करीमा संलग्न ६ जनालाई तीनवर्ष जेल सजाय

साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/ जिल्ला अदालत मकवानपुरले लागुऔषध गाँजाको कारोबारमा संलग्न ६ जनालाई जनही तीनवर्ष कैद सजाय तोकेको छ । अदालतले उनीहरुबाट जनही २० हजार रुपैयाँ जरिवाना गर्ने आदेश गरेको छ ।

जिल्ला न्यायधीश पूर्णिमा कोइरालाको आइतबार बसेको इजलाशले गाँजासहित पक्राउ परेका राक्सिराङ-७ का १९ वर्षीय टीकाराम चेपाङ, कैलाश गाउँपालिका-४ का २८ वर्षीय बमबहादुर चेपाङ, २७ वर्षीय हरि कुमार चेपाङ, कैलाश गाउँपालिकाकै २७ वर्षीय बीरमान चेपाङ, मनहरी गाउँपालिका-४ का ४४ वर्षीय रामहरि लुईटेल र मनहरी गाउँपालिका-५ का ३६ वर्षीय दीपक थापामगरसहितलाई जनही तीनवर्ष कैद र २० हजार रुपैयाँ जरिवाना गर्ने फैसला गरेको हो ।

राक्सिराङ गाउपालिका-३ का सुरेश भन्ने मंगलसिंह चेपाङलाई अदालतले सफाई दिएको छ । सुरेशलाई अदालतले २० हजार धरौटी लिई तारेखमा छाडेको थियो । ६ जना पुर्पक्षका लागि भीमफेदी कारागारमा थुनामा छन् । २०८१ वैशाख ४ गते राती गाँजा बोकेर भारततर्फ लगिरहेको अवस्थामा पर्सा राष्ट्रिय निकुन्जका कर्मचारी र निकुन्जमा खटिएका नेपाली सेनाले एक सय ३० केजी गाँजासहित ७ जनालाई पक्राउ गरेको थियो ।

# दुई प्रदेश प्रमुखको मुस्लिम समुदायद्वारा स्वागत




साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/ मकवानपुरका मुस्लिम समुदायले दुईवटा प्रदेशका प्रदेशप्रमुखको स्वागत तथा सम्मान गरेको छ । मुस्लिम समुदाय मकवानपुरले सोमबार हेटौंडा-४ जामे मस्जिदमा एक कार्यक्रमको आयोजनामा गरी प्रदेशप्रमुखलाई स्वागत तथा सम्मान गरेको हो ।

बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटा र सुदुरपश्चिम प्रदेशका प्रदेशप्रमुख नजिर मियाको स्वागत गरिएको हो । बागमती प्रदेशका प्रदेशप्रमुख देवकोटाले आपसी भाइचारा र मेलमिलापले खुशी र समृद्धि ल्याउने बताए । नेपाल एक धर्म निरपेक्ष मुलुक रहेको स्मरण गर्दै उनले संविधानको प्रस्तावनामै विविधतालाई आत्मसात् गरिएको उनले बताए । उनले आफ्ना स्वतन्त्रता प्रयोग गर्दा अरुको स्वतन्त्रता हनन् हुन दिएनौ भने मात्रै पनि समाज सभ्य र सु-संस्कृत हुने उल्लेख गरे ।

यस्तै, स्वागत कार्यक्रममा सुदूरपश्चिम प्रदेशका प्रदेशप्रमुख मियाले सम्पूर्ण मुस्लिम समुदाय एकढिक्का हुनुपर्ने बताउँदै हकअधिकारको लागि हातेमालो गरेर अगाडि बढेमात्रै पहिचानसहितको अधिकार प्राप्त गर्न सकिने उल्लेख गरे । कार्यक्रम अगुवा महमद समिम खानको सभाध्यक्षतामा भएको हो ।

# सर्वोच्चद्वारा पत्रकार महासंघलाई कारण देखाउ आदेश




साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/ सर्वोच्च अदालतले नेपाल पत्रकार महासंघको निर्वाचन निर्धारित समयमा हुन नसकेकोमा कारण देखाउ आदेश जारी गरेको छ ।

सर्वोच्च अदालतमा आइतबार दर्ता भएको रिटमा न्यायधीश कुमार रेग्मीको एकल इजलासले कारण देखाउ आदेश जारी गरेको हो । मकवानपुरका पूर्वपत्रकार, हाल कानून ब्यवसायी ध्रुवप्रसाद चौलागाईंले पत्रकार महासंघलाई विपक्षी बनाएर रिट निवेदन दर्ता गराएकोमा कारण देखाउ आदेश जारी भए पनि अन्तरिम आदेश जारी गर्न भने अस्वीकार गरेको छ । रिटमा ६ महिनाभित्र निर्वाचन गराउन अन्तरिम आदेशको माग पनि गरिएको थियो ।

अधिवक्ता चौलागाईंले नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालय, नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समिति, प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघ बागमती प्रदेश कार्यालय हेटौंडा, नेपाल पत्रकार महासंघ जिल्ला शाखा मकवानपुरलाई रिटमा प्रतिवादी बनाएका छन् ।

नेपाल पत्रकार महासंघको निर्वाचन कार्यक्रम हाललाई स्थगित भएको छ । यसअघि नेपाल पत्रकार महासंघको नयाँ नेतृत्वचयनका लागि असोज १२ गते निर्वाचनको कार्यतालिका सार्वजनिक गरिएको थियो । मतदाता नामावलीमा भएको विवादका कारण पटकपटक निर्वाचन मिति तोकिएपनि महासंघको निर्वाचन प्रभावित हुँदै आएको छ । महासंघको निर्वाचन समयमा गर्न नसकेपछि महासंघका अध्यक्ष विपुल पोखरेल र कार्यवाहक अध्यक्ष रमेश विष्टले राजीनामा दिएका छन् ।

महासंघको वर्तमान कार्यसमितिले निर्धारित समयमा निर्वाचन गराउन नसकेपछि अब वैकल्पिक माध्यमबाट निर्वाचन गराएर महासंघलाई निकास दिन रिट निवेदनमा माग गरिएको छ । रिट निवेदकले अब प्रदेश र जिल्ला अध्यक्ष सम्मिलित राष्ट्रिय भेला आयोजना गरी त्यसै भेलाको निर्णयबाट समितिले गरेका काम-कारबाहीबारे आवश्यक निर्णय गर्नुका साथै बढीमा ६ महिनाभित्र निर्वाचन गर्ने गरी मिति तोक्न माग गरेका छन् ।

यस्तै रिट निवेदनमा अघिल्लो वार्षिक साधारणसभामा सहभागी पुराना सदस्यलाई निर्वाचनमा सहभागी हुने व्यवस्था गरेरमात्रै निर्वाचन गर्नु भनी विपक्षीका नाममा परमादेश आदेश जारी गर्न माग गरिएको छ । नेपाल पत्रकार महासंघको विधानअनुसार महासंघको कार्यसमितिको कार्यकाल ३ वर्ष पूरा भएपछि पुन: नयाँ कार्यसमिति निर्वाचित भएर आउनुपर्नेमा अहिलेको कार्यसमितिको कार्यकाल पूरा भएको ६ महिना पुग्न लाग्दा पनि महासंघको निर्वाचन हुन सकेको छैन ।

महासंघले पाँचौं पटकसम्म निर्वाचनको मिति तय गरेको भए पनि अहिलेसम्म निर्वाचन गर्न सकेको छैन । महासंघको विधानअनुसार आगामी असोज मसान्तसम्म वर्तमान कार्यसमितिले निर्वाचन गर्न नसकेको अवस्थामा जिल्ला शाखा अध्यक्ष र प्रदेश अध्यक्षको भेला बोलाएर भेलाले आगामी ६ महिनाभित्र निर्वाचन मिति तोकेर निर्वाचन गर्नुपर्ने व्यवस्था छ ।

# श्रमिक सानाकिसान सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ७ असोज/ मकवानपुरगढी गाउँपालिका-३, स्थित मकाञ्चुलीमा रहेको श्रमिक सानाकिसान कृषि सहकारी संस्थाको १२ औं वार्षिक साधारणसभा सोमवार भएको छ ।

मकवानपुरगढी गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिनको प्रमुख आतिथ्यता एवम् सहकारी संस्थाकी अध्यक्ष निर्मला लम्सालको सभाध्यक्षतामा साधारणसभा भएको थियो । संस्थाले वार्षिकोत्सवको अवसर पारेर सम्पन्न साधारणसभामा संस्थाकी अध्यक्ष निर्मला लम्सालले संस्थागत प्रतिवेदन र लेखा संयोजक राधिका सापकोटाले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा असली ऋणि सानुमाया स्याङतान, मन्जु दाहाल, टपकुमारी हुमागाई, कान्छीमाया स्याङतान, निरुमाया लो, बाल बचतकर्ता सलिना देवकोटा, किशोरी बचतकर्ता गंगा सापकोटालाई पुरस्कृत गरिएको थियो । त्यसैगरी ज्येष्ठशेयर सदस्य विष्णुमाया हुमागाई, ठूलीमाया दोङ, ठूलीमाया घलान, कुमारी लो, लक्ष्मी भोमजन र विष्णुमाया स्याङतानलाई सम्मानित गरिएको हो ।

२ सय ९७ वटा समूह १ हजार ५८४ जना शेयर सदस्य संस्थामा आवद्ध छन् । १ करोड ५६ लाख शेयरपूँजी, ९ करोड ५५ लाख निक्षेप र ऋण लगानी ९ करोड १६ लाख रहेको ब्यवस्थापक गीता लम्सालले जनाएकी छिन् ।

साधारणसभामा मकवानपुरगढी-३ का वडाअध्यक्ष भागवत घिमिरे ४ का वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, ३ का वडासदस्य विदुर हुमागाई, नेपाल कृषि सहकारी संघका लेखासंयोजक महेश्वर सुवेदी, राष्ट्रिय सहकारी महासंघका सञ्चालक सदस्य बद्रीप्रसाद लम्साल, पशुविकास कार्यालय मकवानपुरका अधिकृत डाक्टर मदन भण्डारी, मकवानपुरगढी गाउँपालिका सहकारी शाखाप्रमुख सूर्यबहादुर गुरुङ, पशु शाखाप्रमुख सत्यनारायण साह, जागरण सहकारी अध्यक्ष शत्रुघन दुलाल, सिर्जनशील समाज सहकारीका अध्यक्ष कृष्ण विडारी, हिमाल महिला बहुउद्देश्यीय सहकारी अध्यक्ष जानुका दाहाल, नेपाल रेडक्रस मकवानपुरगढीका अध्यक्ष कृष्णप्रसाद पोखरेललगायतको सहभागिता थियो ।

सूचना ! सूचना !! सूचना !!!
अब किन जानु पर्‍यो विदेश ?
हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्
७०% बैंकिङ सुविधा

हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhababini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर

वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

२६ औं वार्षिक साधारण सभासम्बन्धी सूचना

यस बहुउदेश्यीय सहकारी संस्थाको २६ औं साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गईरहेको ब्यहोरोको सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रद्वारा जानकारी गराई सकिएको छ, यदी पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर साधारण सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम** :

| | | |
|---|---|---|
| मिति | : | २०८१/०७/१० गते शनिबार |
| समय | : | ११:०० बजे |
| स्थान | : | हेटौंडा-२, पल्पसा प्याराडाइज होम |

**छलफलका बिषयहरु** :

१. अध्यक्ष ज्युको प्रतिवेदन सम्बन्धमा ।
२. वार्षिक प्रगति तथा नीति कार्यक्रमसहितको सचिब ज्युको प्रतिवेदन सम्बन्धमा ।
३. कोषाध्यक्ष ज्यूबाट आ.ब.२०८०/२०८१ को प्रतिवेदन एवम् भावी नीति तथा कार्यक्रम सम्बन्धमा ।
४. आ.व.०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
६. आ.व.२०८१/०८२ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. संचालक समिति एवम् लेखा समितिको पदपूर्ति सम्बन्धमा।
८. शेयर लाभांश एवं संरक्षित पुंजी कोष फिर्ता वितरण सम्बन्धमा ।
९. संस्थाको आवश्यकताअनुसार घर/घडेरी खरिद एवम् बिक्री सम्बन्धमा ।
१०. २०८०/०८१ को शेयर लाभांश बाँडफाँड सम्बन्धमा ।
११. बिबिध ।

**नोट**: २०८० सालको एसइइ (SEE) मा उत्कृष्ट अंक ल्याउने सदस्यका छोराछोरीहरुलाई पुरस्कृत गरिने हुँदा मिति २०८१/०६/३० गते भित्र संस्थामा आफ्नो प्रमाणपत्रहरु पेश गर्न हुन जानकारी गराइन्छ । साथै साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा यातायात खर्च बापत संस्थाबाट उत्पादित शुद्ध तोरीको तेल प्रतिसदस्य २ लिटर प्रदान गरिनेछ ।

इश्वर पण्डित (सचिव)
दिव्य तारा बहुउद्धेश्यीय सहकारी संस्था लि.
हेटौंडा-२, पल्पसारोड
फोन नं. ०५७-५२४९१६, ५२५९१७

असोज ७ गतेबाट तपाईंको सेवामा
DFSK EC 36
"हाम्रो सुमो सेवाको नौलो प्रस्तुती"

हाम्रो ई.भी. सेवा
हेटौडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो
काठमाण्डौं काउन्टर:-०१-५४०४४४५, ९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८
सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी
मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०
पुरानो मकवानपुररोड
सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सचिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना